# स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना तर्जुमा निर्देशिका

भौतिक पूर्वाधार वकास मन्त्रालय

प्रदेश नं. ५

वुटवल, रुपन्देही, २०७६

# विषय सूची


१ परिचय ..................... 1

२ वास योजनाको उद्देश्य ..................... 2

३ वास योजनाका सदान्तहरू ..................... 3

४ वास योजना-योजना तर्जुमाको आधार ..................... 3

५ वास योजना तयारीको प्र क्रया ..................... 4

६ वास योजनाको वषयबस्तु ..................... 7

७ स्थानीय तह वास योजना बनाउन आवश्यक मानव संसाधन, समय तथा बजेट ..................... 8

८ आबश्यक पर्ने अनुगमनका प्रकार ..................... 9

९ आबश्यक पर्ने तथ्याकंको प्रकृतिहरु ..................... 9

१० योजना तयारी र प्रस्तुतीकरण ..................... 11

अनुसु च १ : स्थानीय तह र प्रदेश मन्त्रालय वचको समझदारी पत्र ..................... 13

अनुसु च २: वर्तमान खानेपानी योजनाको ववरण संकलन फाराम ..................... 18

अनुसु च ३ : घरधुरि सर्वेक्षण फाराम ..................... 23

अनुसु च ४ : सार्वजनिक, संस्थागत तथा वद्यालय सर्वेक्षण फाराम ..................... 25

अनुसु च ५ : खानेपानी योजना प्राथ म करणका आधारहरु ..................... 26

अनुसु च ६: स्थानीय तहस्तर प्रारम्भिक गोष्ठी ..................... 28

अनुसु च ७: वडास्तर कार्यदल प्रारम्भिक गोष्ठी ..................... 29

अनुसु च ८ तथ्यांक संकलकहरुको ता लम ..................... 30

अनुसु च ९ : वडास्तर योजना गोष्ठी ..................... 31

अनुसूची १० स्थानीय तहस्तर योजना गोष्ठी ..................... 33

# १ परिचय

नेपालको संविधान २०७२ को धारा ३५ मा स्वास्थ्य सम्बन्धि हकको उप धारा (४) मा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ मा पहुँचको हक हुनेछ" भनि उल्लेख गरिएको छ। वास (खानेपानी, सरसफाइ र स्वच्छताको संक्षिप्त अंग्रेजी रुप) का योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भारका सबै पक्षलाई संघीय, प्रान्तीय र स्थानीय सरकारमा पूर्ण विकेन्द्रित गर्ने नेपालको संविधानले परिकल्पना गरेको छ । जुनसुकै समय, जो सुकैलाई र जहाँसुकै पनि प्राप्त हुने सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्य योग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तरमा सुधार गर्ने प्रदेश सरकारले लक्ष्य लिएको छ । यसको लागि वास योजनाको आवश्यकता हुन्छ । तसर्थ स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता विकासको लागि स्थानीय तह वास योजना आधारभूत औजार हो । स्थानीय तहहरुमा वास योजना तयार पार्नु आवश्यक देखिएकोले प्रदेश सरकारले सहजता तथा एकरुपताका लागि वास योजना तर्जुमा निर्देशिका तयार पारेको हो । यस निर्देशिकाले वास योजना तयारीको चरणवद्ध प्रकृयाको वारेमा निर्देशन गर्दछ । वास योजना एकिकृत, समग्र तथा गतिशील योजना हो । सरसफाइ गुरु योजना २०६८ र यससँग सम्वन्धीत हुँदै पूर्ण सरसफाइ र खुला दिसामुक्तको दीगोपनाको मर्मलाई आधारमानी वास योजनाले दीगो खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवा सुविधा सवैले पाउनु पर्छ भन्ने कुरामा जोड दिन्छ ।

नेपालको ग्रामीण क्षेत्रमा खानेपानीको सुविधा प्राप्त जनसंख्या उच्च भएको देखिन्छ तर सुधारिएको खानेपानीको सुविधा नपाएको, आश्यकता अनुसारको सेवा सुविधावाट वञ्चित भएको, पानीको सुचारुपन नभएको घरधुरीको संख्या पनि उल्लेखनीय रहेको छ तर त्यस्तो घरधुरीहरु कहाँ छन्, कुन कुन हुन तथा ती मध्ये कुनलाई प्राथमिकतामा राख्ने भन्ने कुराहरुको स्पष्टता भएको देखिदैन । यस्ता प्रश्नहरुको उत्तर पाउन भैरहेको खानेपानी तथा सरसफाइ योजनाको सूचि तयार पारेर मात्रै पुग्दैन । प्रत्येक घरमा गएर विवरण लिनु पर्दछ । नयाँ प्रविधिको माध्यमवाट छोटो समयमा र कम वजेटवाट पनि विवरण तयार गर्न सकिन्छ । स्थानीय तह स्तरीय निर्णयकर्ताहरु, जनप्रतिनिधीहरु, स्थानीय तहका कर्मचारीहरु, वडा वास सिसिको सदस्यहरु, स्थानीय तह स्तरीय वास सिसिको सदस्यहरुको लागि प्राथमिक तथ्यांक संकलन गर्नु वास योजनाको मुख्य उद्देश्य रहेको छ । स्थानीय तहस्तरमा निर्माण गरिएको वास योजना प्राथमिकताको आधारमा स्थानीय तहस्तरमा कार्यान्वयन गर्न, प्रदेश तथा संघीय तहहरुमा तथा सहयोगी संस्थाहरुमा पेश गरि सहयोग प्राप्त गर्न स्थानीय तहहरुले उपयोग गर्न सक्नेछन् ।

स्थानीय तहस्तरीय वास योजनामा वडातहका योजनाहरु समावेश भएका हुन्छन । अर्को अर्थमा भन्नुपर्दा वडा तहको योजना र तयारी विना स्थानीय तहस्तरीय वास योजना तयार हुदैन । यदि वास कार्यक्रमको लागि वडा इच्छुक छैन वा उनीहरुको प्रथामिकतामा पर्दैन भने पनि सो कुराको निर्णय वडाबाट नै हुनुपर्दछ र सो सम्बन्धि निर्णयलाई वास योजनाको अनुसूचिमा राख्नु पर्दछ ।




**चित्र १ वडा तहको योजना बाट तयार हुने स्थानीय तहस्तरीय वास योजना ।**

विगतमा तयार गरिएको गाविसस्तरीय खानेपानी, सरसफाइ  तथा स्वच्छता (वास) योजना तथा जल उपयोग गुरु योजना (WUMP) वाट भएका तपसिलका सिकाईहरुलाई यो निर्देशिकाले ध्यान दिएको छ ।

- तथ्याङ्क संकलन प्रक्रिया धेरै लामो भएकोले कतिपय सन्दर्भमा तथ्याङ्क उपलब्ध हुने बेलासम्ममा शुरूमा लिएको तथ्याङ्क परिवर्तन हुन सक्ने ।
- तथ्याङ्कको विश्वसनियता मै प्रश्न चिन्ह लाग्ने, तथ्याङ्क सम्वन्धित स्थल वा व्यक्तिबाट नै ल्याइएको हो भन्ने एकिन गर्न नसकिने, फारम तथा टिपोट जहाँ बसेर पनि गर्न सकिने ।
- वास योजना सम्वन्धित फिल्डको काम, वडा तथा गा.वि.स. स्तरीय तर्जुमा बैठक तथा कार्यशाला गोष्ठी सहजीकरण र प्रतिवेदनको लागि बाह्य परामर्शदाता व्यक्ति वा संगठनलाई जिम्मा दिएर गरिएकाले स्थानीय सरोकारवालाहरुको कम सहभागिता र कम जिम्मेवारीबहन जस्तो देखिएको । फलस्वरुप स्थानीय तह तथा सरोकारवालाले गाविस वास योजनाको अपनत्व कम लिएको ।
- योजना तयार गर्न छोटो समयको लागि बाह्य व्यक्तिहरु संलग्न हुने, तथ्याङ्क संकलकहरु र तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयार गर्ने व्यक्तिहरुसंगको सम्वन्ध भेट नै नहुने/ हुन नसक्ने । अन्य संघ संस्थाहरुले त्यस्तै प्रकृतिका तथ्याङ्कहरु फेरी अरु व्यक्तिहरु प्रयोग गरी गरिरहेको हुने र एक आपसमा सम्वन्ध नै नहुने । स्थानीय सरकारका जिम्मेवार पदाधिकारी तथा प्रमुख सरोकारहरुलाई नै कसले के कामका लागि तथ्याङ्क संकलन गर्दैछ र तथ्याङ्क कहाँ उपलब्ध हुन्छ भन्ने जानकारी पनि कम हुने ।
- गा.वि.स. वास योजना तर्जुमा प्रक्रियाका १६ चरणहरु र फरक फरक जिम्मेवारीका धेरै सरोकारवालाहरु हुँदा जटिलता देखियो ।
- वास योजनामा धेरै कुरा समेटिएको र साथै ठूलो दस्तावेज भएतापनि निर्णय प्रक्रियाका लागि केही तथ्याङ्क तथा सुचनाहरु मात्र प्रयोगमा आएका । विशेष गरि खानेपानी तथा सरसफाइ  योजनाको प्राथमिकीकरण गरेको सूचि चाही कार्यान्वियन भएको ।

त्यसैले माथिका सिकाइहरुबाट अव बन्ने वास योजनाहरु परिस्कृत, समय सापेक्ष, सजिलो र उपयोगी भइ तत्काल कार्यान्वियनमा आउनेछन् ।

## २ वास योजनाको उद्देश्य

स्थानीय तहस्तरीय वास योजनाले स्थानीय तहभित्रका प्रत्येक विद्यालयहहरुमा, प्रत्येक सघसंस्थाहरुमा तथा प्रत्येक घरधुरीहरुमा खानेपानी, सरसफाइ  तथा स्वच्छताको वर्तमान अवस्थाको पहिचान गर्छ । स्थानीय तहस्तरीय वास योजनाको उद्देश्यहरु निम्नानुसार छ ।

- स्थानीय तहस्तरीय रणनैतिक र वार्षिक वास योजना तयार गर्ने,
- खानेपानीका स्रोतहरु र विद्यमान खानेपानी तथा सरसफाइ सम्वन्धित संरचना सुविधाहरुको सूची तयार गर्ने,
- सम्भावित खानेपानी आपूर्ति सरसफाइ र स्वच्छता, सम्बन्धी क्रियाकलापहरुको पहिचान र प्राथमिकताक्रम निर्धारण गर्ने,
- सरसफाइ र स्वच्छतामा आनीवानी परिवर्तन दीगो कायम राख्न स्थानीयहरुको मुख्य सवालको रुपमा हुने,
- गुगल नक्सा तयार गर्ने जसमा अन्य सूचनाहरु पनि समावेश गर्ने जस्तैः वाटो, जमिनको प्रयोग आदि, ताकी सो नक्सा अन्य विकास निर्माणको कामको लागि पनि प्रयोग होस,
- स्रोत संरक्षण, जलाधार क्षेत्र संरक्षण तथा दीगो सञ्चालन सहितको पानी सुरक्षा योजनाको लागि खानेपानी तथा सरसफाइ  योजना पहिचान गर्ने,
- जलवायु परिवर्तन अनुकूलन र विपद जोखिम न्यूनीकरणसम्वन्धी स्थानीय आवश्यक कार्यहरुको पहिचान गर्ने । जस्तैः पहिरा जाने संभावित क्षेत्र, सरंचना संरक्षणको लागि आवश्यक कामहरु, पानी पुनर्भरण तथा

सरंचना आदि। यी सवै स्थानीय तहमा (साविक गाविस, अहिले वडा हुन सक्ने) पहिले तयार पारेको स्थानीय जलवायु अनुकूलन योजनाजहरु (LAPA) सँग आधारित हुनु पर्छ,

- खानेपानी, सरसफाइ र स्वच्छताको आधार रेखा तयार गरि खानेपानी, सरसफाइ र स्वच्छतामा शत प्रतिशत पँहुचको लक्ष्य निर्धारण गर्ने।

## ३ वास योजनाका सदान्तहरू

- स्थानीय सरकारको नेतृत्व र समुदायको व्यवस्थापन,
- योजनाको तलदेखि माथिसम्म जाने/उध्वगामी(Bottom Up) धारणाको प्रवद्र्धन–तथ्याकं घरधुरीवाट लिने, वडातहमा योजना वनाउने, योजनामा गाउँटोल, वस्ती र योजनाको विस्तृत विवरण, स्थानीय तहस्तर र प्रदेशस्तरवाट गर्ने वास गतिविधी,
- पूर्ण सहभागीतात्मक र समावेशी प्रक्रिया, लैगिंक समानता, व्यक्तिको अधिकारलाई ध्यान दिदै स्थानीय तहको क्षमता अभिवृद्धि,
- योजनाका मुख्य पक्षहरुमा समुदायको जनचेतना अभिवृद्धि,
- पानीका स्रोतहरुको सूची र विश्लेषण,
- माग र आवश्यकताको आधारमा योजनाको प्राथमिकिकरण,
- जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरणका पक्षलाई विचार गर्दै वास क्षेत्रको लागि जलाधार क्षेत्र र पानीका स्रोतहरुको संरक्षण।

## ४ वास योजना-योजना तर्जुमाको आधार

- वास क्षेत्रका क्रियाकलापहरुको वार्षिक /आवधिक योजना र प्राथमिकिकरण गर्ने
- सम्बन्धित स्थानीय तहमा काम र लगानी गर्नको लागि परियोजना, दाता, गैह्र सरकारी संस्था र सरकारी संस्थाहरुलाई आकर्षित गर्न बजारीकरण र समन्वयात्मक औजारको रुपमा काम गर्ने
- स्थानीय तह वास योजना र यसको प्राथमिकतालाई पूर्वशर्त मानी सम्बन्धित स्थानीय तहमा काम गर्नको लागि सहमति दिन सक्छ
- पानीका स्रोतहरुको सूची र खानेपानी सम्बन्धित संरचना तथा सुविधाहरुको अद्यावधिक गर्ने कार्यलाई सहज बनाउनु
- खानेपानी तथा सरसफाइको नयाँ योजना प्रस्ताव गर्दा कम लागत लाग्ने, नजिकको भरपर्दो मुहान, उपयुक्त प्रविधीको छनौट, प्रस्तावित मुहानले समेटने घरधुरी, समितिवाट व्यवस्थापन गर्न सक्ने, जलवायु परिवर्तन अनुकुलन, दीगोपना आदि ध्यान दिनु पर्दछ।
- समुदायका सम्पूर्ण सहभागीहरु जस्तैः जनसंख्यीक सूचना, जनजाति समूह, फरक क्षमता भएका व्यक्ति र स्थानीय तहका सम्पूर्ण क्षेत्रका वासिन्दाहरुको सक्रिय सहभागिताको सुनिश्चित गर्नु जसले योजना सम्पूर्ण रुपमा समुदायले बुझोस र हरेक घरधुरीले अपनत्व महसुस गरोस
- वास क्रियाकलापमा जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरणको सुनिश्चितता गर्नु।

वास योजनाको लागि छनौट गरिएको सूचकहरु प्रदेशलाई जानकारी गराउने। एउटा प्रदेशमा करिव ४०/५० लाख जनसंख्या हुने हुनाले घरतहसम्म जान सजिलो छैन। तसर्थ, १) प्रदेशले वडा तहको वास योजनाको मुख्य अंशहरु लिने वा २) स्थानीय तह तहको वास योजनाको मुख्य अंशहरु लिने भन्ने प्रणाली यकिन गर्नुपर्छ। प्रदेशलाई कुनकुन सूचकहरुको प्रतिवेदन आवश्यक पर्छ वा दीगो विकास लक्षको सूचकहरुको प्रतिवेदन मात्र भए पुग्छ प्रष्ट हुनुपर्छ।

## ५ वास योजना तयारीको प्र क्रया

स्थानीय तह वास योजना गतिशील दस्तावेज हो । एक पटक तयार गरे पछि सधैंलाई हुदैन । बार्षिकरुपमा वा अधिकारप्राप्त अधिकारीको निर्णय अनुसार अद्यावधिक गर्नुपर्छ । तलको चित्र नं २ मा वास योजना तयारीको चरण देखाइएको छ । यसमा वडातहको प्राथमिकताको आधारमा वडागत योजना निर्माण गर्न संकेत गर्दछ । उदाहरणको लागि, पूर्ण सरसफाइ, सेवा सुविधा तह, सुचारुपन तथा दीगोपनाको निम्ती सुधार कार्यहरुलाई वडातहमा समावेश गर्नुपर्ने हुन्छ । त्यस्तैगरि टोल, समुदायले भन्दा स्थानीय तहवाट खानेपानी तथा सरसफाइ  योजनाको लागि आवश्यक हुन सक्ने काम तथा सहयोगहरु खुलाउन पर्ने हुन्छ ।

मुख्य सैन्द्धान्तिक पक्ष भनेको घरधुरी गाउँ, विद्यालय तथा संघ संघसंस्थावाट संकलन गरेको तथ्याकं तथा विवरणहरु निर्णय निर्माणको लागि प्रयोग गरुन् भन्ने हो । यदि कुनै टोल तथा समुदाय खानेपानी आपूर्तिको सुविधा वञ्चित छन भने संभावित पानीको स्रोत पहिचान गरि त्यस्ता टोल तथा समुदायमा पानी उपलब्ध गराउने निश्चित ठाउँ पहिचान गर्ने । त्यस्ता टोल तथा समुदायमा समय र खर्चको वचत हुने गरि निश्चित प्रश्नहरुमात्र प्रयोग गरि थप तथ्याकं संकलन गर्न सकिने छ ।

तलको चित्र नं २ मा स्थानीय तह वास योजना तयारीको चरण देखाइएको छ । शहरी किसिमको नगरपालिका को वडाहरुमा फरक किसिमको शैली अपनाउनु पर्ने हुनसक्छ । प्रत्येक घरधुरीमा गई सर्वेक्षण गर्नुको सट्टा गाउँ वा टोलका घरहरुलाई राखेर तथ्याकं लिन सकिन्छ । एकपटक वास योजना तयारीको यो चरण पुरागरि सकेपछि स्थानीय तहहरुको क्षमता विकास हुन्छ र तथ्याकं अद्यावधिक आफै गर्न सक्छन भन्ने अपेक्षा गरिएको छ । यो तथ्याकं संकलनको विधि अन्य क्षेत्रहरुको लागि पनि उपयोगी हुन सक्छ । पहिले पटक तथ्याकं संकलन तथा विश्लेषण गर्न लागेकाहरुको लागि यो अतिनै महत्वपूर्ण हुनसक्छ । स्थानीय तहको नेतृत्वमा स्थानीय तहको सूचना प्रविधि अधिकृतले सुपरिवेक्षण, विश्लेषण र पछि सूचना व्यवस्थापनको जिम्मेवारी वहन गर्नुपर्छ । वास योजना तयार गर्ने क्रममा खानेपानी तथा सरसफाइ योजना, सार्वजनिक, सस्थागत तथा विद्यालय शौचालय र पुनर्भरण संरचनाहरुको योजना पहिचानसँगै प्रस्तावित वजेट पनि उल्लेख गर्न सकिने छ ।




चित्र नं २: स्थानीय तह वास योजना तयारीको चरण

<u>तालिका नं १: स्थानीय तहस्तरीय वास योजनाको चरणवद्ध प्रकिया</u>

| चरण | क्रयाकलाप | जिम्मेवारी | सरोकारवालाहरु र काम |
|---|---|---|---|
| १ | स्थानीय तहको निर्णय | को | जनप्रतिनि धहरु, स्थानीय तह वास-सीसी र वडा वास-सीसीको सदस्यहरु, स्थानीय तह वास इकाईका कर्मचारीहरु, स्थानीय तहको मुख्य कर्मचारीहरु र सरोकारवालाहरु । |
| | | के | यदि स्थानीय तह वास योजना आवश्यक छ भने निर्णय गर्ने, यो योजना भत्र के हुनुपर्छ निर्क्योल गर्ने, अद्याव धक गर्ने, स्थानीय तह वास योजना प्र कयाका ला ग आवश्यक बजेट र कार्य योजना स्थानीय तह वास योजना कार्यदलको गठन |
| २ | वडा वास योजना कार्यदल र वडास्तरीय तथ्यांक संकलन समुह | को | वडा वास योजना कार्यदल र वडास्तरीय तथ्यांक संकलक समुह |
| | | के | वडा वास योजना कार्यदल र वडास्तरीय तथ्यांक संकलक समुहलाई अ भमु खकरण, सूचकहरु, मोवाइल अप्लिकेसन टुल जस्तै **KoBo Application Tool/mWater/N WASH** वा अन्य; मति र लक्ष्यहरु सहित स्थानीय तहस्तरीय संयुक्त कार्य योजना । तथ्याकं संकलक छनौट हुनुपूर्व वडास्तरीय समुहले हाल भैरहेको खानेपानी तथा सरसफाई योजनाको संकेत सहित वडागत रुपमा सुची तयार पार्ने । |

| | | | |
|---|---|---|---|
| | | | वडास्तरीय समुहले दैनिक, साप्ताहिक र मा सक कार्य योजनाहरु र लक्ष्य सहित आफ्नो आन्तरीक कार्य योजना तयार गर्ने । |
| ३.१ | तथ्याकं संकलन | को | तथ्यांक संकलकहरू (स्थानीय तहको वास इकाइ वा सूचना प्र व ध अ धकृत बाट गुणस्तर सुनिश्चित गरिने) |
| | | के | वडास्तरीय टोलीले **KoBo/mWater/N WASH** वा अन्य मोबाइल सर्भे एप्लिकेसन<br>औजार प्रयोग गरी घरधुरी र सार्वजनिक, संस्थागत र वद्यालयको तथ्यांक संकलन गर्ने । सूचना प्र व ध अ धकृत वा स्थानीय तहले तोकेको व्यक्तिबाट संक लत तथ्यांकहरूको दैनिक रूपमा गुणस्तर सुनिश्चित गर्नुपर्दछ । शुरूको दिनहरूमा संकलकहरूले प्रश्न नबुझ्ने वा गल्ती हुन सक्ने भएकाले शुरूका केही दिनहरू जो खमपूर्ण हुन्छन् । |
| ३.२ | तथ्याकं वश्लेषण | को | वडा वास योजना कार्यदल |
| | | के | प्रारम्भिक बिश्लेषण र तथ्यांक, नक्सा र प्राथ मकता दिनुपर्ने बस्ती प्रस्तुतीकरण गर्ने ।<br>तथ्यांक र नक्साहरू सार्वजनिक ठाउँहरुमा प्रदर्शन गर्ने (जस्तै वडा कार्यालयको सूचना वोर्ड तथा अन्य उपयुक्त ठाउँहरुमा) जसले गर्दा जो सुकैले पनि प्रति क्रया दिन सकुन् ।<br>वडास्तरीय बैठकको ला ग तथ्यांकको तयारी गर्ने ।<br>यदि कुनै बस्तीमा स्पष्ट रूपमा केहि समस्या दे खयो भने महत्वपूर्ण बिषयहरुमा थप तथ्याङ्क संकलन आवश्यक हुन सक्छ । |
| ४ | वडास्तरीय योजना तह | को | वाड-वास-सीसीहरु सहित वडा प्रतिनि ध, अ धकारीहरु र साथै इच्छुक नागरीकहरु पनि सहभा ग हुन सक्ने। |
| | | के | प्राथ मकताहरुको पहिचान गर्ने ,जस्तैः<br>वडास्तरमै योजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन गर्न स कने योजना ।<br>वडास्तरबाट निर्णय गरि कार्यान्वय गर्न स्थानीय तहस्तरमा पठाउनु पर्ने योजना । |
| ५ | स्थानीय तहस्तरीय योजना तह | को | स्थानीय तह-वास-सीसीहरु सहित वडा प्रतिनि ध र अ धकारीहरु इच्छुक नागरीकहरु पनि सहभा ग हुन सक्ने । |
| | | के | वडाबाट पठाएको योजनाहरुको प्राथ मकता ।<br>स्थानीय तहस्तरीय कार्य र लागतको आधारमा ठुलो वा बढि खर्च लाग्ने योजनाहरु र गति व धहरुको पहिचान । |
| *वडा वास योजना कार्यदलले निम्न चरणाहरू अवश्यक भए नभएको निर्णय गर्ने छ ।* | | | |
| ६ | अ तरिक्त तथ्याकं र गाउँ बस्तीगत लेखाजोखा | को | वडा वास योजना कार्यदल |
| | | के | कुनै बस्ती वा सार्वजनिक, संस्थागत तथा वद्यालयको वास सुबिधाहरुको सर्वेक्षण भएको तथ्याकंमा केही न मल्ने कुरा दे खएमा वा छुटेमा वडा वास योजना कार्यदलले त्यो बस्तिमा छुट्टै छलफल गरी वा |

| | | | |
|---|---|---|---|
| | | | वस्तृत रुपमा पुनः तथ्याकं लइ अवस्था पहिचान गर्ने र योजनाको ला ग प्रस्ताव गर्न सक्ने छ । |
| ७ | क्षमताबृद्दी गोष्ठी | को | वडा वास योजना कार्यदल |
| | | के | वडातहको सबै अ भमुखीकरणहरु स कए पछी द लत, महिला तथा पछडीएका बर्गहरुको योजना प्र कयामा सहभागी भै आफ्नो वचार राख्न सक्ने अवस्था बनाउन सचेतना अ भबृद् धको ला ग कार्यशाला गोष्ठी गर्न स कन्छ । |
| ८ | वडास्तरीय योजना तयारी पश्चात गोष्ठी | को | वडा वास स स |
| | | के | वडास्तरीय योजना तयार भएपछी योजनाको बारेमा जानकारी गराउन र सो योजना कार्यान्वयन गर्नको ला ग व भन्न क समको संघ संस्था तथा निकायहरुको प्रतिबद्धता लन गोष्ठी संचालन गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने । यदि गोष्ठी संचालन गर्ने निर्णय भएमा हाल भैरहेका र संभा वत सरोकारवालाहरुलाई सहभागी गराउने । |

** मोबाइल फोनको माध्यमवाट विभिन्न किसिमको निःशुल्क तथा थोरै पैसालाग्ने सर्वेक्षणको औजारहरु प्रयोग गरि तथ्याकं संकलन गर्न सकिन्छ । यसरी संकलन गरेको तथ्याकं तुरुन्त नक्सामा राख्न, विश्वासनियतता तथा गुणस्तरीयतताको परिक्षण गर्न सकिने छ । परम्परागत शैलीमा प्रश्नावली भरेर तथ्याकं संकलन गर्दा सो स्थानको GPS reading नहुन सक्छ ।*

## ६ वास योजनाको वषयबस्तु

**वास योजनामा कम्तीमा पनि निम्न विषयवस्तुहरुलाई प्रस्तुत /समावेश गरेको हुनुपर्छ ।**

- जनसांख्यीक तथ्याकं : तथ्याकं संकलन गर्दा नैतिक जिम्मेवारीलाई ध्यान दिनु पर्छ जस्तै घरपरिवारको आर्थिक, स्वास्थ्य तथा अन्य गोपिनियता कायम गर्नुपर्ने ।
- विकासको प्रथामिकतामा लैंगिक संवेदनशिलता, समावेशी, गरिवी र सामाजिक रुपमा स्वीकार भएका यस्ताकुरालाई राख्नुपर्ने ।
- घरायसी तहमा खानेपानी तथा सरसफाइको सुविधाहरु उपलब्धताको प्रस्तुत गर्ने, र एउटै खानेपानी तथा सरसफाइको योजना भएपनि सवैघरपरिवारले समान रुपमा सुविधाहरु प्राप्त भए नभएको पहिचान गर्नुपर्ने ।
- सरसफाइ तथा पूर्ण सरसफाइको अवस्था जानकारी गराउने सो क्रममा चर्पी छ वा छैन, पूर्ण सरसफाइको लागि घरपरिवारले थप सरसफाइ तथा स्वच्छताका प्रयासहरु भएका छ वा छैन पहिचान गर्ने ।
- वातावरणीय सवालहरु जस्तै जमिनको प्रयोग, वनको अवस्था, सडकको हालको अवस्था तथा अपेक्षा गरेको, सिचाइको सुविधा, पहिरोको प्रभावित क्षेत्र आदिलाई नक्सामा देखाउने ।
- वास योजनाको अनुसूचिहरुमा प्रत्येक वडाको योजना र निर्णय पुस्तिकाको प्रतिलिपी राख्नु पर्दछ ।

## ७ स्थानीय तह वास योजना बनाउन आवश्यक मानव संसाधन, समय तथा बजेट

वास योजना तयारीको समय र वजेट सम्वन्धी स्थानीय तहको घरधुरी, गाउँवस्ती तथा टोल, भौगोलिक अवस्थामा निर्भर गर्छ । जस्तैः छरिएर रहेको स्थानीय तहको वस्तीमा तुलनात्मक रुपमा सर्वेक्षण गर्न धेरै समय र वढी तथ्याकं संकलकहरु लाग्छन भने वाक्लो वसोवास भएको गाउँवस्तीमा घरपरिवारको संख्याले सर्वेक्षणमा खासै असर पर्दैन सकिन्छ । स्थानीय तहको कर्मचारी वा स्थानीय सरोकारवालाहरुले वास योजना प्रक्रियाको नेतृत्व वा जिम्मेवारी वहन गरेमा वाह्य परामर्शदाताको आवश्यकता नहुन सक्छ ।

**मन्त्रालय र स्थानीय तहले वास योजना तयार गर्न स्थानीय तह तहमा व्यवस्थापन गर्नुपर्ने मानव संसाधान**

| क्र. स. | पद | संख्या | योग्यता | व्यवस्थापन | कैफियत |
|---|---|---|---|---|---|
| १ | वास योजना संयोजक | १ | कुनैपनि विषयमा कम्तीमा स्नातक उत्तिर्ण गरि वासमा दुई वर्षका कार्य अनुभव भएकोलाई ग्राहयता दिइने छ । | मन्त्रालयले छनौट तथा आर्थिक सेवा सुविधा उपलव्ध गराउने | |
| २ | तथ्यांक संकलक | प्रत्येक वडाको लागि २ वा सो भन्दा वढि | कम्तीमा एस. एल. सि. वा सो सरह उत्तिर्ण गरि सामाजिक विकासमा १ वर्षका कार्य अनुभव भएको र एन्डोइड मोवाइल फोन चलाउन जान्नेलाई ग्राहयता दिइने छ । | स्थानीय तहले छनौट तथा आर्थिक सेवा सुविधा उपलव्ध गराउने | स्थानीय व्यक्तिलाई संकलक वनाउन उपयुक्त हुन्छ । |
| ३ | सुचना प्राविधि अधिकृत | १ | नियमानुसार | स्थानीय तहले छनौट तथा आर्थिक सेवा सुविधा उपलव्ध गराउने | स्थानीय तहमा कार्यरतलाई जिम्मेवारी दिने । |
| ४ | अन्य मानव संसाधन | स्थानीय तहले कार्यभारको आधारमा आवश्यक भएमा थप मावन संसाधनको व्यवस्था गर्न सक्ने छ । | | | |

<u>**तथ्याकं संकलकहरुको सुविधा**</u> प्रचलित कानुन ( श्रम ऐन, मन्त्रालय तथा स्थानीय तहको भएको नीति नियम आदि) अनुसार आधारभूत तलव र आवश्यक अन्य सुविधा हुनुपर्ने ।
तथ्याकं संकलकहरुलाई तथ्याकं संकलन गर्न मोबाइल फोन वा टयावलेट, डाटा प्याकको सुविधा दिनुपर्ने ।
<u>**योजना तयारीको वैठक**हरुको</u> लागि कम्तीमा एउटा वडाको लागि एउटा फ्लेक्समा नक्सा तयार पार्ने पर्दछ । फ्लेक्सको वनावट र वजार अनुसार यसको मुल्य फरक फरक हुनु सक्छ । छरिएको वस्ती भएको वडा भन्दा घनावस्ती भएको वडाको लागि नक्सा सानो वनाउदा हुन्छ । यो फ्लेक्स नक्सा वडा कार्यालयमा राख्ने र यो नक्सा अन्य योजना प्रक्रियाहरुको लागि उपयोगी हुनसक्छ ।
<u>**वैठक खर्चः**</u> तथ्याकं संकलक र वडास्तरीय वैठक लगायत अरु अभिमुखीकरण तथा वैठक दिनभरीनै सञ्चालन गर्नुपर्ने हुनाले कम्तीमा पनि खाजा तथा स्टेशनरी उपलव्ध गराउन पर्ने ।
<u>**प्रतिवेदन (वास योजना) लेखनः**</u> वास योजना तयार गर्न वाह्य व्यक्तिको आवश्यक पर्न सक्छ । तर स्थानीय व्यक्ति भए सूचना प्रविधि अधिकृतसँग वास योजनाको तथ्याकं मिलाउने र नेपालीमा टाइप गर्ने हुनुपर्छ ।
<u>**प्रतिवेदन (वास योजना) प्रिन्टीङ/छपाईः**</u> कम्तीमा पनि एउटा वडाको लागि एक प्रति वास योजना दिनु पर्छ । वास योजनाका माध्यमवाट वार्षिक योजना वनाउने हुनाले आवश्यकता अनुसार थप वास योजनाको प्रति वनाउन पर्ने हुन्छ ।

यस्तैगरि भौगालिक वनावट, जमिनको क्षेत्रको भौतिक स्वरुप, घरधुरी संख्या र ठाउँको आधारमा सर्वेक्षणको लागि आवश्यक पर्ने समय निर्धारित हुन्छ । यदि तथ्याकं संकलकहरु राम्रोसँग प्रशिक्षित भएका छन् र कार्ययोजना वास्तविकतामा आधाररित छ भने, तथा तथ्याकं संकलकहरुले संकलन गरेको तथ्याकं नियमित सुपरिवेक्षण गरि तथ्याकं गल्ती नभएको र पुनः तथ्याकं संकलन गर्नु नपर्ने भएमा तथ्याकं संकलनको काम एक महिनाभित्र सकिन्छ । तथ्याकं सकंलनको काम सम्पन्न भई अर्को वडामा तथ्याकं संकलनको काम शुरु भै रहेको अवस्थामा पनि तथ्याकं सकंलनको काम सम्पन्न भएको वडाहरुमा नक्सा सहित तयार गरि वडास्तरीय वास योजना वैठक सञ्चालन गरेर समय अविध बचत गर्न सकिन्छ ।

## ८ आबश्यक पर्ने अनुगमनका प्रकार

- संकलकहरुले तथ्याकंहरु राख्न थालेको मोवाइल अप्लिकेसन टुल (जस्तै KoBo Application Tool/mWater/N WASH वा अन्य) पहिलो दिनदेखि स्थानीय तहको सूचना प्रविधी अधिकृत र वास सम्पर्क व्यक्तिले सुपरिवेक्षण गर्नुपर्छ । अनुगमनको मुख्य सूचकहरु निम्नानुसार हुनेछ ।
- सवै तथ्याकं संकलकहरुको सक्रियताः संकलकहरु मध्ये कस कसले तथ्याकंहरु राखे राखेन हेर्नुपर्छ । ती संकलकहरुले काम नगरेको वा गर्न नसकेको वा प्राविधिक समस्या भोगेका छन भने तुरुन्त समाधान गर्नुपर्छ ।
- पेश भएको तथ्याकंहरुको पुनः परिक्षण गर्ने । उदाहरणको लागि, यदि एउटा निश्चित टोलको सवै घरधुरीहरु एउटै खानेपानी तथा सरसफाइ योजनावाट लाभान्वित छन र योजना सुरक्षित तरिकाले पानी व्यवस्थापन भएको श्रेणीमा छ भने, त्यहाँ कोही अकस्मात सुविधावाट वञ्चित हुने संभावना रहदैन । तथापी कहिलेकाही संभव हुन सक्छ तर यस्तो घटना भए त्यसको परिक्षण गर्नुपर्छ ।
- तोकिएको समयसीमाः संकलक तथा वास योजना तयारीमा संलग्नहरुले तोकिएको समयसीमालाई ध्यान दिनुपर्दछ जसले गर्दा वडातहको योजना वैठक राम्रो तथा समयमा सम्पन्न गर्न सकिन्छ ।

## ९ आबश्यक पर्ने तथ्याकंको प्रकृतिहरु

स्थानीय तह वास योजनाको उद्देश्य नै वर्तमान खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था पहिचान गर्ने र सोको आधारमा स्थानीय तहको अधिकार प्राप्त निर्णयकर्ताहरुले अर्ध वार्षिक, वार्षिक तथा दीर्घकालिन योजनाहरुमा प्रयोग गरुन भन्ने हो । कुनैपनि सर्वेक्षण शुरुगर्नु तथा तथ्याकं संकलक परिचालन गर्नु अगावै तल उल्लेखित सूचना/विवरणहरु उपलब्ध भएको हुनुपर्ने छ

१। खानेपानी तथा सरसफाइ योजनाको सूचि र ती योजनाहरुको पानीको गुणस्तर मापनकोलागि कम्तीमा पनि P/A Vial प्रयोग गरि सुरक्षित पानी पिउने गरे नगरेको विवरण हुनुपर्ने छ ।

२। घरधुरी सर्वेक्षणको लागि घरसंख्या, वडाको सीमाना तथा जनसंख्यीक विवरणको उपलब्धता हुनुपर्ने । जनगणना विधि अनुसार शतप्रतिशत घरधुरी तथा प्रश्नावालीमा उल्लेख गरे अनुसार सर्वेक्षण गर्नुपर्ने । गाउँ तथा टोललाई संकेत नम्बर दिई तथ्याकं विश्लेषण सरल वनाइने छ ।

३। स्थानीय तहको वडागत रुपमा सार्वजनिक, संस्थागत र विद्यालयहरुको वास सेवा सुविधाको सूची तयार हुनुपर्ने छ । जनगणना विधि अनुसार शतप्रतिशत स्थानमा पुगी प्रश्नावालीमा उल्लेख गरे अनुसार सर्वेक्षण गर्नुपर्ने ।

४। स्थानीय तहस्तर तथा वडास्तरको वास समन्वय समितिको वैठकलागि नमूना ढाँचा तयार गर्ने ।

५। कुनैगाउँ वा टोल खानेपानी तथा सरसफाइ योजनावाट छुटिएका छन भने त्यस ठाउँको आवश्यक तथ्याकं अझै वढि लिनुपर्ने हुनसक्छ । तर घरधुरी सर्वेक्षण र मोवाइल एप्स प्रयोग गर्नु पर्छ भन्ने छैन । गाउँ वा टोलस्तरको भेलावाट समस्याहरु पहिचान तथा संभावित समस्याको समाधानहरु पहिचान गर्न सकिने छ । सूचिकृत भएका योजनाहरु मध्ये समस्या देखिएको योजनाहरुमा मात्र विवरण संकलन गर्दा हुने ।

**घरधुरी तहको विवरण**

शतप्रतिशत घरधुरीको तथ्याकं संकलन गर्ने त्यसपछि प्रत्येक वडाको गाउँवस्ती अनुसार तथ्याकं विश्लेषण गरिने छ । घरधुरी पिच्छेको विवरण आवश्कता अनुसार पुनः हेर्न वा जाँच गर्न सकिने अवस्था रहिरहने छ । संकलन गरेको विवरणले प्रत्येक गाउँवस्तीको साथै सवै पक्षको प्रतिनिधित्व गर्ने छ । घरधुरी तहको तथ्याकंमा तल उल्लेखित विवरणहरु समेटी मोवाइल फोनको एप्स प्रयोग गरिनेछ ।

- जनसांख्यीक विवरण
- खानेपानी आपूर्तिको सुविधा पहिचान
- खानेपानी तथा सरसफाइ सञ्चालन (Functionality) तथा सेवास्तर
- पूर्ण सरसफाइको सूचकहरुका आधारमा सरसफाइ तथा स्वच्छताको अवस्था

**सार्वजनिक, संस्थागत र विद्यालयको विवरण**

सम्वन्धित वडावाट वडाको प्रसाशनिक क्षेत्र पहिचान गरि त्यस क्षेत्रभित्र पर्ने सवै सार्वजनिक, संस्थागत तथा विद्यालयको तथ्याकं संकलन गर्ने । जस्तैः हाट वजार तथा वसपार्क, स्वास्थ्य संस्था तथा अस्पताल, वडा तथा सरकारी कार्यालय, सुरक्षा निकायका कार्यालय, विद्यालयहरु आदिको वास सेवासुविधा देखिने गरि चित्रण गर्ने ।

- जनसाख्यीक विवरण (कसले सुविधा लिएको छ । जस्तैः यदि विद्यालय हो भने, कति संख्यामा विद्यार्थी तथा शिक्षक शिक्षिका, सरकारी कार्यालय हो भने, कति कर्मचारी र कति सेवाग्रही )
- खानेपानी आपूर्तिको सेवा सुविधाको अवस्था पहिचान
- खानेपानी तथा सरसफाइ सञ्चालन (Functionality) तथा सेवास्तर
- पूर्ण सरसफाइको सूचकहरुका आधारमा सरसफाइ तथा स्वच्छताको अवस्था (चर्पी छ चर्पी छैन, चर्पी संख्या, लैगिंक समनता तथा सामाजिक समावेसीकरण, पानीको उपलब्धता, हात धुने सुविधा सहित पानीको व्यवस्था )

**बक्स नं १**

**परिभाषाः**

स्थानीय तहस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता योजना तयार गर्न दीगो विकास लक्ष्यमा उल्लेख भएका मुख्य सूचकहरुलाई आधार मानेर तथ्याकं संकलन गर्दा उपयुक्त हुने हुनाले ती सूचकहरुको व्याख्या एकै किसिमको हुनुपर्छ । साथै तथ्याकं संकलन गर्न जानुभन्दा पहिले मुख्य सूचक बारेमा प्रस्ट भएको हुनु पर्दछ । वडास्तरीय बैठकमा सबैले एकै किसिमले अर्थ बुझे वा बुझेनन भन्ने पहिचान गर्ने र सूचकहरुको अर्थ प्रस्ट भएपछी मात्र तथ्याकं संकलन गर्न जानुपर्छ । दीगो विकास लक्ष्यको आधारमा निम्न सूचकहरुको अर्थ निम्नानुसार गरिएको छ ।

**खानेपानीतर्फ**

**सुरक्षित तरिकाले पानी व्यवस्थापन (Safely managed water supply) :** घरपरिवारले तलको सूचकहरु सबैमा 'हो' भन्ने जबाफ दिएमा सुरक्षित पानीप्राप्त भएको हुनेछ ।

- व्यक्तिगत धारा जडान वा सामुदायिक धारा वा सुरक्षित मूल
- ५ मिनेटभित्र पानीको उपलब्धता
- १२ महिंना पानीको उपलब्धता
- पानीको परिक्षण गरेको सुचिमा योजना 'जीवाणुरहित' उल्लेख भएको तथा आर्सेनीक नभएको

**आधारभूत पानी सुबिधा (Basic water supply)**

- व्यक्तिगत धारा जडान, सामुदायिक धारा, सुरक्षित मूल,
- पानी संकलन समय ५ देखि १५ मिनेट सम्म
- पानीको उप्लब्धता १२ महिंना भन्दा कम
- पानीको परिक्षण गरेको सुचिमा योजना 'जीवाणु देखिएको' उल्लेख भएको तथा आर्सेनीक नभएको

**सिमित पानी सुबिधा (Limited water supply)**

माथिका मध्ये कुनैपनि हुन् सक्ने तर पानी संकलन समय १५ मिनेट भन्दा बढी लाग्ने अबस्था भएको ।

**असुरक्षित पानी सुबिधा (Unimproved water supply)**
संरक्षण नगरिएका कुवा, मूल, इनार तथा अन्य असुरक्षित मुलहरु

**सतहको पानी (Surface Water)**
खोला, नदी, पोखरी, सिंचाई कुलो मध्ये कुनै एकवाट पानी संकलन गर्ने गरेको (यो सबै भन्दा असुरक्षित विकल्प हो)

**२. सरसफाइ तर्फ**

- **सुरक्षित रूपमा व्यवस्थित (Safely managed)** दुई खाल्डे पक्की चर्पी भएको अन्य परिवारसँग साझेदारी नगरिएको
- **आधारभूत (Basic)** अन्य परिवारसँग साझेदारी नगरिएको एक खाल्डे वा सेप्टिक टैकं भएको पक्की चर्पी
- **सीमित (Limited)**पक्की चर्पी तर अन्य परिवारसँग साझेदारी गरिएको
- **नसुधारिएको (Unimproved)**कच्ची चर्पी
- **खुल्ला दिसा (Open Defecation)** चर्पी नभएको वा खुला ठाउँमा दिसा गर्ने गरेको

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०६८ मा उल्लेख गरेको आधारमा पूर्ण सरसफाइका सूचकहरु परिभाषित गरिएको छ ।
**सरसफाइ** भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सम्झनु पर्दछ । सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई बुझाउँदछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य नै सफाइ हो भन्ने बुझाउने छ ।
**स्वच्छता** भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्न र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउँछ ।
**वातावरणीय सरसफाइ** भन्नाले भौतिक वातावरणसँग सम्वन्धित सवै पक्षहरुलाई नियन्त्रण गर्ने वृहत अवधारणा हो । वातावरण सरसफाइले मानिसको स्वास्थ्य तथा आर्थिक अवस्थालाई पीडाकारक असर पार्नेलाई नियन्त्रण गर्दछ । मुख्यगरि ढल, ठोस फोहोर मैला व्यवस्थापन तथा किटाणु नियन्त्रण जस्ता कुराहरु समेटिन्छन । यसको अतिरिक्त अन्य क्रियाकलापहरुलाई सरसफाइले समेट्ने छन ।

# १० योजना तयारी र प्रस्तुतीकरण

बुँदा ९ (माथि) मा आवश्यक पर्ने तथ्याकंको प्रकृतिहरु दुई किसिमले उल्लेख गरिएको छ । एउटा घरायसी तहको र अर्को विद्यालय, संघ संस्था तथा सार्वजनिक स्थानहरुको तथ्याकं सकंलन गरिन्छ ।

**संकलित तथ्याकंका आधारमा विश्लेषण** स्थानीय तह वास इकाई सहित वडा वास कार्यदलले मोवाइल एप्सवाट सिधै आवश्यकता अनुसारको नक्साको प्रिन्ट गर्ने । प्राप्त भएका तथ्याकं तथा नतिजाहरु (Findings) को आधारमा वडा तहको योजना वनाउन निम्न सामाग्रीहरु तयार गर्ने ।

- कुन टोल र बस्तिका कुन घरधुरीहरु कुन सुविधाका लागि प्राथमिकतामा परे भन्ने प्रस्ट छुट्टिने गरि (मार्कर हाइलाइटर आदिको प्रयोगमा) गूगल नक्शाको प्रिन्ट गर्ने ।
- अलग देखिने गरि टोलहरुको धेरै सूची वनाउन पनि सकिन्छ जस्तैः आधारभूत खानेपानी सुविधाको एउटा, योजना कार्यक्षमता/सञ्चालनको अवस्थाको अर्को, सरसफाइको अर्को आदि) वा छुट्टा छुट्टै नक्सा प्रिन्ट गर्ने ।

- सरसफाइ  तथा स्वच्छताका सूचकहरुको आधारमा टोलहरुको सूची तयार गर्नेः कस्तो कस्तो किसिमको सवालहरु कुनकुन टोलहरुमा देखापरे ।
- विद्यालय, संस्थागत तथा सार्वजनिक वास सुविधाहरुको प्रथामिकिकरणको सूचि तयार गर्नेः कुन कुरामा पछि परेको र कुन कुरालाई योजना तयारी वैठकमा धेरै नै आवश्यक भनेर प्रथामिकीकरणको लागि सिफारिस गर्ने । सर्वेक्षण फारममा सेवा सुविधाको फोटो समावेश गर्ने, विद्यालय, संस्थागत तथा सार्वजनिक भवनहरु र वातावरणको कुरा पनि समावेश गर्ने, यसमा वास सेवा सुविधामात्र नभई सुधार गर्नुपर्ने कुरा पनि उल्लेख गर्ने ।
- परिणामहरुको प्रदर्शन :  माथि उल्लेख भए अनुसार प्राथमिकीकरणको सूची र सामाग्री तयार पार्ने र सार्वजनिक स्थलमा योजना वैठक गर्ने मिति भन्दा दुई हप्ता अगाडि प्रदर्शन गर्ने । सल्लाह, सुझाव तथा सुधारका कुरा भएमा ती कुराहरुलाई लिखित रुपमा वडा कार्यालयमा पेश गर्ने, र उनीहरुले वडा वास योजना कार्यदललाई उपलव्ध गराउने छन् । यो कार्यदलले ती कुराहरुलाई समावेश गर्ने वा नगर्ने, सुधार गर्नुपर्ने वा नपर्ने भन्ने कुरा सार्वजनिक वैठक अगावै निर्णय गर्नेछन् वा थप छलफलको लागि वैठकमा पेश गर्नुपर्ने छ । सार्वजनिक प्रदर्शनको उद्देश्य जनतालाई प्राप्त तथ्याकं तथा खोजहरुसँग सामिप्यता वढाउने र प्राथमिकीकरण शुरु हुन अगावै सुधार गर्न वातावरण तयार तथा समय उपलव्ध गराउनु हो । यो टोल तहको वैठकको लागि आवश्यक पर्ने परिणाम थाहा पाउन पनि हो वा वडातहको योजना वैठक वस्नु अघि निश्चित विषय वा क्षेत्रको थप तथ्याकं सकंलन गर्न आवश्यक छ/छैन निधो गर्न उपयोगी हुने भएकाले पनि हो ।

**विश्लेषणमा आधारित योजना तयारी**

- योजना तथा टोलको प्राथमिकीकरण
- सरसफाइ  तथा स्वच्छता र पूर्ण सरसफाइको लागि स्थानीय तहको दीर्घकालिन तथा वार्षिक योजना
- ठोस फोहोर मैलाको स्थानहरु र नक्साकंन/पहिचान
- ठोस फोहोर मैला व्यवस्थापनको लागि स्थानीय तहस्तरीय योजना
- वास योजना र वास योजनाको बजारीकरणको लागि सरोकारवालाहरुको पहिचान

**बक्स नं २, छलफल गर्न सकिने पक्षको चेकलिष्ट**

**घरधुरीको तथ्थांकहरुलाई गुगल अर्थ नक्सामा प्रदर्शन/देखाउनेः** वडामा रहेको विवरणहरुको प्रस्तृति गर्दा घरधुरी, सडकहरु तथा मुख्य स्थानहरु (जस्तै वजार क्षेत्रहरु, विद्यालयहरु, कार्यालयहरु  आदि ) समावेश भएको देखिनु पर्छ । नक्समा उत्तर दिशा सकेत गरेको हुनुपर्छ । तल उल्लेखित कुराहरु अवलोकन गर्ने नक्सा प्रयोग गर्न सकिन्छ ।

- वडाको सीमा र टोलहरु तथा टोलको नामहरु र तिनिहरुको सीमा योजना तयारीको लागि राख्न सकिन्छ ,
- संघ संस्थाहरुः विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय, वैंक तथा अन्य कार्यालयहरु,
- समुदायको अन्य महत्वपूर्ण केन्द्रहरुः मन्दिरहरु, पार्क, मानिस भेलाहुने तथा वैठक गर्ने ठाउँ, वजार क्षेत्र, पसलहरु आदि,
- भौगोलीक विशेषताहरुः जस्तै हिमाल, वन, वाटोघाटो, नदिनाला, पुनर्भरण पोखरी, सडक, सडकको विन्दुवाट गाउँ पुग्ने दुरी, खेतीयोग्य जमिन, चरन क्षेत्र, सार्वजनिक जग्गा र यसको प्रयोग, स्थानीय सामाग्री (वालुवा ढुगां, वाँस, ग्रावेल) पाउने स्थान आदि,
- घरधुरी तहमा खानेपानी आपूर्तिको सुविधा के हो ? कुन घरधुरी खानेपानी आपूर्तिको सुविधावाट वञ्चित ( जो साचिकै असुरक्षित वा नसुधारिएको स्रोतवाट पानी पिउने गर्छन ) छन् ? ,
- रेखाकंन : वर्तमान खानेपानी तथा सरसफाइ  योजनाहरुको पाइप रेखांकन,
- खानेपानी प्रणाली तथा अन्य पूर्वाधारहरुको योजना तयारी वा निर्माणाधिन,
- खुला दिसा भएका क्षेत्रहरु,
- समुदायमा फोहोर, सिनो व्यवस्थापन तथा मृत शरीर व्यवस्थापन गर्ने ठाउँहरु,
- वाढी, भूक्षय, सुख्खा तथा अन्य जोखिम हुने वा प्रभावित हुने क्षेत्रहरु,

## अनुसु च १ : स्थानीय तह र प्रदेश मन्त्रालय वचको समझदारी पत्र **को नमुना**

---

**खानेपानी,सरसफाइ तथा स्वच्छता (वास) योजना,**

**तयारीका लागि**

**................................स्थानीय तह**

**................................जिल्ला**

**र**

**प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल**

**वीच सम्पन्न**

# समझदारी–पत्र

**मितिः २०७६ श्रावण ....... गते**

# पृष्ठभूमि

प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवलले तयार गरेको स्थानीय तहस्तरीय वास योजना तर्जुमा निर्देशिकामा आधारित रहेर यो समझदारी-पत्र तयार गरिएको छ । यस समझदारी पत्रमा **...........**स्थानीय तह (यसपछि स्थानीय तह भनिएको) र प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.५, बुटवल, (यसपछि मन्त्रालय भनिएको) ले हस्ताक्षर गरी स्थानीय तहस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, (यसपछि वास योजना भनिएको) तयारीका लागि सहमति गरिएको छ ।

**१ उद्देश्यः**

यस समझदारी पत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- पलिकास्तरमा विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको विवरण संकलन गर्ने ।
- पलिकास्तरमा घरधुरीहरुको सर्वेक्षण गरि विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छता को सुविधास्तर वर्गिकरण गर्ने ।
- समुदायमा रहेका महिला र पिछडिएका वर्गहरुको सहभागिता र समावेशीतालाई सुनिश्चित गरी सेवा विहनि तथा सिमित सुविधा स्तरका घरधुरीहरुलाई लक्षित गरि स्थानीय तहस्तरीय वासयोजना तर्जुमा गर्न समुदायलाई सहयोग गर्ने ।

**२ समझदारी पत्रको कार्यक्षेत्र**

यस समझदारी पत्रको कार्यक्षेत्र समुदायका सवै वर्गको सक्रिय सहभागितामा स्थानीय तहको स्थानीय तहस्तरीय वास योजना तर्जुमा कार्यसंग मात्र सिमित रहेको छ । यस समझदारीले स्थानीय तह स्तरीय वास योजनामा उल्लेख गरिएका कुनैपनि विकास सम्बन्धी योजनाहरुको कार्यान्वयनको लागि मन्त्रालयवाट कुनै प्रकारको सहयोगको प्रतिवद्धता सुनिश्चित गर्दैन ।

**३ भूमिका तथा जिम्मेवारी**

**क) भौतिक पूर्वाधार विकास मन्त्रालय**

- वास योजना तर्जुमाका लागि मन्त्रालयमा रहने परामर्शदाता र स्थानीय तहस्तरमा रहने वास संयोजक छनोट तथा परिचालन गर्ने ।
- स्थानीय तहस्तरमा संचालन गर्ने कार्यशाला गोष्ठीको लागी प्रविधि तथा आर्थिक सहयोग गर्ने ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयनको कार्यमा स्थानीय तहहरुलाई आवश्यक सहयोग गर्ने । आवश्यकता अनुसारका विषयगत टोलीहरूबाट सहयोगको व्यवस्था मिलाउने ।
- मन्त्रालयले परामर्शदाता विज्ञ, स्थानीय तहस्तरको संयोजक, स्थानीय तहस्तरसम्मको स्रोत ब्यक्तिको व्यबस्था गर्ने छ ।
- अनुगमन तथा मूल्याङ्कन निरन्तर रुपमा गर्ने ।
- स्थानीय तहहरुबाट प्राप्त तथ्याकं, विवरण एकिकृत गर्ने र व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गराउने, अपडेट गर्ने ।
- वास योजना तयार भइसकेपछि योजना अनुसार मन्त्रालयबाट गर्नुपर्ने सहयोग र लगानी उपलब्धताका आधारमा गर्ने ।

**ख) स्थानीय तहको भूमिका तथा जिम्मेवारी**

- स्थानीय तहस्तरीय वास योजना कार्यदल गठन गर्ने ।
- वास योजना तर्जुमा सम्बन्धि चरणबद्ध कार्य पद्दती अनुसार स्थानीय तहस्तरमा गर्नुपर्ने कामहरुको कार्य योजना तयार गर्ने ।
- मन्त्रालयले व्यवस्था गर्ने वाहेकका जनशक्तिहरु सूचना प्रविधि अधिकृत, सामाजिक परिचालक तथा तथ्याङ्क संकलकहरु छनौट तथा परिचालन गर्ने ।
- वस्ती वा टोलस्तरिय तथ्यांक संकलनको व्यवस्था मिलाउने ।

- सर्वेक्षण गरि प्राप्त भएको तथ्यांकहरुको प्रारम्भिक विश्लेषण गर्ने ।
- थप सूचना आवश्यक भएमा निर्णय गर्ने र संकलन गर्ने ।
- स्थानीय तह तथा वडास्तरीय बैठकको लागि मोबाइल एप्लिकेसनमा आधारित नक्सा, खानेपानी तथा सरसफाइको सुबिधास्तर, योजनाको संचालन तथा दिगोपनाको अवस्था लगायतका मुख्य मुख्य विषयहरु तयार पार्ने ।
